कृष्णनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७

फ्याक्स न.+९७७७६५२०६८४


प.स.२०८१।०८२

च.नं.

**प्रथम पटक प्रकाशित मितिः- २०८१।०७।२३**

यस कार्यालय यस कृष्णनगर नगरपालिकाको आ.व.२०८१/८२मा अन्तर सरकारी अन्तरिक हस्तानतरण अन्तर्गत वाली विकास अन्तर्गत गहुँ बीउ अन्य सामग्री खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त एग्रो सेन्टर, बीउ कम्पनी तथा बीउ सप्लायर्स व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. तपशिलमा उल्लेखित बोलपत्र दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद तथा नविकरण भएको इजाजत पत्र, प्यान (PAN) दर्ता प्रमाणपत्र, मु.अ.कर. दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न गरि लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन कार्यालय समय सम्म राजश्व शाखाबाट सिलबन्दी दरभाउ फारम खरिद गर्न सकिनेछ ।

**२. कृषि व्यवसाय गरी बसेका इन्छुक एग्रो सेन्टर, बीउ कम्पनी तथा बीउ सप्लायर्स हरुले यस नगरपालिका बाट व्यवसाय इजाजत पत्र व नविकरण गरेको प्रमाण पत्र तथा बीउको ल्याब प्रीक्षण रिपोर्टको प्रतिलिपी संलग्न गर्नु पर्ने छ ।**

३. यस कार्यालयबाट खरिद गरेको दरभाउ फारम नियम अनुसार भरि सिलबन्दी गरि खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोलि कार्यालयलाइ सम्बोधन गरि ६ (छ) दिन दिनको १२:०० बजे सम्म कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । दर्ता भएका दरभाउ सोहि दिनको १:०० बजे दररेट पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहोबरमा खोलिनेछ । दररेट पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दररेट खोल्न कार्य गर्न बाधा पर्ने छैन ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा (७५ दिन ) म्याद भएको बिडबन्ड धरौटी बोलपत्र तथा दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ वा धरौटी वापत रु. यस कार्यालयको धरौटी खाता नं.-०१४०३०००००३००००००००१ मा जम्मा गरी सक्कलै भौचर सहित पेश गर्नु पर्नेछ।

५. दररेट पत्र बापत राजश्व दस्तुर रकम यस कार्यालयमा नगदै बुझाइ लिन सकिने छ वा यस कार्यालयको नाम मा रहेको नेपाल बैंक लिमिटेड कृष्णनगर, कपिलवस्तु शाखामा रहेको अन्तरिक **राजस्व संचित कोष खाता नं.-** ०१४०३००००१००१००००००१ मा जम्मा गरेको सक्कल राजश्व भौचर पेश गरि खरिद गर्न समेत सकिनेछ ।

६. दरभाउ पत्रमा, प्रत्येक आइटममा केरमेट नभएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टब्य नलेखिएको हुनु पर्ने छ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दररेट पत्र माथि कुनै कारवाही हुने छैन ।

७. दररेट पत्रको मान्य अवधि (BidValidityPeriod) ४५ दिनको हुनेछ ।

८. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका कर (भ्याट बाहेक) दर रेटमा समावेश भएको मानिने छ

९. दररेट पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

१०. दररेट पत्र दाताले वितरण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिने छ ।

११. दरभाउपत्रको डकुमेन्ट, स्पेसिफिकेसन, परिमाण सूचना आदिमा (भाषागत समेत ) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि वेला सच्याउन बाधा पर्ने छैन ।

१२. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. दररेट पत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ र अंक अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।

१४. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्बजनिक खरिद ऐन, २०६३, सार्बजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई रकम (भ्याट सहित तथा कन्टेनजेन्सी बाहेक) | धरौटी रकम | दररेट पत्र दस्तुर | ठेक्का खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| १. | कृषि ०१/२०८१/८२ | गहुँ बीउ (विजय,एन एल र आदित्य ,कृष्णनगर न.पा. ढुवानी सहित | १९९८०००/ | ४९९५०/ | १०००/ | २०८१/०७/ |

विस्तृत जानकारीको लागी कृष्णनगर नगरपालिकाको कार्यालय कृष्णनगर, कपिलवस्तु को कृषि शाखामा सम्पर्क राख्न सकिने छ ।

............................

खेमराज देवकोटा

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

"कृष्णनगर नगरपालिकाको प्रतिवद्धता ,सुशासन,स्वास्थ्य,समृद्ध र खुशी जनता "